सर्वोच्च अदालत
काठमाडौं, नेपाल

का. मु. प्रधान न्यायाधीश

## शुभकामना

**कानून दिवस-२०७५** का अवसरमा शुभकामना सन्देश व्यक्त गर्दा मलाई खुसी लागेको छ । यस अवसरमा सर्वप्रथम, न्यायप्रेमी तथा कानूनप्रति प्रतिबद्ध समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल प्रधान न्यायालयको ऐन, २००८ लागू भएको दिनको स्मरणमा प्रत्येक वर्ष मनाइँदै आएको **कानून दिवस** नेपालको न्यायिक इतिहाससँग सम्बन्धित विशेष अवसरका रुपमा रहेको छ । राज्यको कार्यकारिणी, विधायिकी र न्यायिक अधिकार एकै निकायले प्रयोग गर्दै आएको सन्दर्भमा न्यायपालिकाको कार्यगत स्वतन्त्रता र सँस्थागत स्वायत्तता सुनिश्चित गर्ने प्रारम्भ बिन्दुका रुपमा नेपाल प्रधान न्यायालयको ऐन, २००८ जारी भई लागू भएको दिनलाई मानिँदै आएको छ । स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरणको अवधारणा अवलम्बन गरी जनताको न्याय प्राप्त गर्ने अधिकारको व्यावहारिक प्रत्याभूति गराउन सफल उक्त दिनको महत्व विधिको शासनप्रति प्रतिबद्ध हामी समस्त नेपालीलाई आजपर्यन्त रहेको छ ।

**कानून दिवस** शुत्रपात गराएको तात्कालिन समयको सन्दर्भ र वर्तमान परिप्रेक्ष्यलाई संवैधानिक सर्वोच्चता र विधिको शासनको कसीमा नियाल्दा धेरै विषयमा हामीले सन्तोष लिने र गर्व गर्ने पक्षहरु विद्यमान छन् । संघीय लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्र न्यायपालिका, मानवअधिकारको सुनिश्चितता र विधिको शासनप्रति प्रतिबद्ध प्रणालीको व्यवस्थासहित नेपाली जनताले आफ्ना जनप्रतिनिधिमार्फत् नेपालको संविधान जारी गरी लागू गरेका छन्। संविधानले परिकल्पना गरेअनुरुप स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचन सम्पन्न भई तत् तत् तहमा निर्वाचित सरकारसमेत गठन भई कार्य सञ्चालन भइरहेको अवस्था छ । देशमा नागरिक तथा राजनीतिक अधिकारसँगै आर्थिक, सामाजिक तथा साँस्कृतिक एवं विकास र वातावरणको अधिकारसहितको सामाजिक रुपान्तरण आम जनसमुदायको उत्कट चाहना र अभिलाषा बनेको छ । यसैका लागि राज्यका सबै तहका कार्यकारी तथा विधायिकी निकायहरु अग्रसर भएको पनि देखिन्छ ।

विकास र समृद्धितर्फ उन्मुख हुँदै गर्दा जनप्रतिनिधिमूलक राजनीतिक नेतृत्व न्यायपूर्ण समाज स्थापनाको उद्देश्यप्रति उदासिन हुन पुगेमा वर्तमान समयमा प्राप्त अन्य सबै

*सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री दीपकराज जोशीले ६६औं कानून दिवस-२०७५ को अवसरमा दिनुभएको सन्देश*



+९७७-१-४२६२५४६/४२१२१०४ पोष्ट बक्स् न २०४३८ : http://www.supremecourt.gov.np

उपलब्धिहरु गौण हुन पुग्दछन् भन्नेमा विशेष सजग हुनु जरुरी छ । किनभने, विकास र समृद्धि मात्र न्यायपूर्ण समाजको विकल्प हुन सक्दैन र राजनीतिक स्थायित्वको अर्थ स्वतन्त्र न्यायपालिकासँगको सम्झौता पनि होइन । राज्यका अन्य निकायको महत्व र आवश्यकता जति छ, न्यायपालिकाको सार्थक उपस्थिति र भूमिका उत्तिकै अपरिहार्य छ । न्याय सम्पादनको कार्य न्यायपालिकाको नै विशिष्ट जिम्मेवारी र भूमिकाभित्रको कार्य हो, जुन अन्य कुनै पनि निकायसँग अतुलनीय छ । तसर्थ, वर्तमान समयमा जनतालाई युग सुहाउँदो न्याय सेवा प्रवाह गर्न र मौलिक हक तथा नागरिकको न्यायमा पहुँचको अवस्था सुनिश्चित गरी समृद्ध र न्यायपूर्ण समाज स्थापनार्थ न्यायपालिकाको संस्थागत स्वायत्तता र कार्यगत स्वतन्त्रताको व्यावहारिक अनुभूति दिलाउने जिम्मेवारी संवैधानिक तथा कानूनी दायित्व भएका समस्त निकाय, पदाधिकारी, नागरिक समाज, कानून व्यवसायी, सञ्चारकर्मीलगायत आम जनसमुदायको पनि हो । अतः विधिको शासनको प्रत्याभूति दिलाई विकास, शान्ति र समृद्धिको सुनिश्चितताका लागि स्वतन्त्र न्यायपालिका अपरिहार्य आवश्यकताका रुपमा स्वीकार गर्दै न्यायपालिकाको स्वतन्त्रता र व्यावसायिकता अविचलित राख्न आजको यस विशेष दिनमा सम्बन्धित सबैसँग मेरो विशेष आग्रह छ ।

अन्त्यमा, नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सँस्थागत गर्दै देशमा सुशासन, शान्ति, न्याय, विकास र समृद्धि हासिल गरी न्यायपूर्ण समाज स्थापनार्थ संविधान र कानून कार्यान्वयनको जिम्मेवारीप्राप्त निकाय, पदाधिकारी, सरोकारवालालगायत न्याय र कानूनप्रेमी समस्त आम जनसमुदायलाई विधिको शासनको मर्मप्रति समर्पित भई क्रियाशील रहन कानून दिवस-२०७५ बाट थप प्रेरणा, उर्जा र सामर्थ्य प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

(दीपकराज जोशी)
का.मु. प्रधान न्यायाधीश

२०७५ साल वैशाख २६ गते, बुधबार
काठमाडौं, नेपाल ।